# चौरपाटी गाँउपालिका

## बार्षिक बजेट, नीति तथा कार्यक्रम २०७७/०७८

## चौरपाटी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## चौरपाटी अछाम
## सुदूरपश्चिम प्रदेश

# चौरपाटी गाँउपालिका
# सुदूरपश्चिम प्रदेश
# अछाम
# आ.ब. २०७७।०७८ को नीति, कार्यक्रम तथा बजेट

चौरपाटी गाँउपालिकाको आ.ब. २०७७।०७८ को गाँउ सभाका अध्यक्ष ज्यु

गाँउ सभाका सदस्य ज्युहरु

प्रमुख  प्रशासकिय अधिकृत लगाएत सम्पुर्ण कर्मचारी मित्रहरु

१. बिश्व मानव समुदाय कोरोना भाईरसको महामारीबाट आक्रान्त भईरहेको बिषम परिस्थितिमा हामी चौरपाटी गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गरिरहेका छौ । यस घडीमा यो महामारीबाट ज्यान गुमाउने सम्पुर्ण प्रति हार्दिक श्राद्धान्जली तथा सोकसम्तप्त परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु । साथै कोभिड १९ महामारीको संक्रमण, नियन्त्रण तथा न्यूनिकरणका लागि दिन रात खड्नु हुने स्वास्थ्यकर्मी, सुरक्षाकमी, एम्बुलेन्स चालक, जनप्रतिनिधि तथा नागरिक समाजका अगुवाहरु प्रति हृदयदेखि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

२. यो नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा जनतालाई सार्वभौम सत्ता सम्पन्न बनाउन र जनताको मुक्ति स्वतन्त्रता, न्याय र प्रजातन्त्र लोकतन्त्र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएका जनआन्दोलन र संघर्षका गौरवपूर्ण ईतिहासलाई स्मरण गर्दै यो कठिन यात्रामा सहभागी भई आफ्नो जीवन उत्सर्ग गर्ने समस्त ज्ञात अज्ञात शहिदहरुलाई हृदय देखि स्मरण गर्दै हार्दिक श्रदाञ्जली अर्पण गर्दछु ।

**सभाध्यक्ष महोदय,**

अब म यस गाउँपालिकाको नीति तथा कार्यक्रमका नीतिगत आधारहरु, उद्देश्यहरु र प्राथमिकताका क्षेत्रहरुको प्रस्तुत गर्त चाहन्छु ।

**<u>३. तर्जुमा गर्दा लिएका मुख्य मुख्य आधारहरुः</u>**

(क) नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुची

(ख) नेपालको संविधानको उल्लेखित मौलिका हकहरु

(ग) नेपालको संविधान भाग ४ अन्तर्गत, राज्यका आर्थिक सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक कार्यप्रणाली

(घ) नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन

(ङ) संघीय सरकारले अंगिकार गरेको दिर्घकालित तथा आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु

(च) संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तिय नीतिहरु

(छ) नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु

(ज) स्थानीय सरकार सञ्चालन ऐन २०७४ का प्रावधानहरु

(झ) यस गाउँपालिकाको गुरुयोजना योजनाले तय गरेका प्राथमिकताहरु

(ञ) जलवायु परिवर्तन/विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गीक सशक्तीकरण तथा समावेशी विकास लगायतका अन्तर सम्बन्धित विषयहरु

(ट) चौरपाटी गाउँपालिकामा आवश्यक देखिएका अन्य विषयहरु

**४. यस नीति तथा कार्यक्रमका मुलभुत उद्देश्यहरु देहाय बमोजिम रहने छन् ।**

(क) कोरोना रोकथाम, नियन्त्रण र उपचार एवम् भविश्यमा आउन सक्ने यस प्रकारको महामारी बिरुद्ध लड्न स्वास्थ्य प्रणालीलाई सबल र सुदृढ बनाउने ।

(ख) कृषि उत्पादन र उत्पादकत्व बृद्धि गरी खाद्य सुरक्षा र पोषणको अवस्थामा सुधार गर्ने ।

(ग) रोजगारी र स्वरोजगारी सृजना गरी ग्रामीण अर्थतन्त्रलाई गतिशिल बनाउने ।

(घ) शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइका सुविधाहरुमा नागरीकको पहुँच विस्तार गर्ने ।

(ङ) गाउँपालिकाको सेवा प्रवाहलाई सरल सुलभ र नागरीकमैत्री बनाउने ।

५. माथिका उद्देश्यहरु परिपुर्ति गर्नका लागि गाउँपालिकाले आ.ब. २०७७।०७८ को बार्षिक कार्यक्रमहरु छनौट गर्न देहाय बमोजिमका प्राथमिकताहरु निर्धारण गरिएको छ ।

(क) हाल हामीले सामना गरिरहेको कोरोना भाईरसले सृजना गरेको बिपद सँग जुझ्न सहयोग गर्ने आयोजनारु

(ख) नागरिकको जिविकोपार्जनमा प्रत्यक्ष योगदान गर्ने पुर्‍याँउने आयोजनाहरु

(ग) लामो समयको बन्दाबन्दीका कारण चालु आर्थिक बर्षमा सम्पन्न हुन नसकेका र क्रमागत रुपमा रहेका आयोजनाहरु

(घ) संघ तथा प्रदेश सरकार र अन्य बिभिन्न विकास साझेदारहरुसँगको लागत साझेदारीमा संचालन गर्न सकिने आयोजनाहरु

(ङ) समुदायबाट माग भई आएका अन्य आयोजनाहरु

**सभाध्यक्ष महोदय**

अब म आर्थिक बर्ष २०७७।०७८ को नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

६. कोभिड १९ कोरोना रोकथाम तथा नियन्त्रणका लागि गाउँपालिका स्तरमा ५० बेड र प्रत्येक वडा स्तरमा १५-१५ बेडको आईसोलेसनको व्यवस्थापन गरिनेछ । जसका लागि बिद्यालय सामुदायिक भवन आदिको प्रयोग गरिनेछ ।

७. भविश्यमा कोरोनाको जोखिम बढ्न सक्ने कुराको आँकलन गरी कोरोना व्यवस्थापन स्वास्थ्य सामग्रीहरुको व्यवस्थापन र पुर्वतयारीलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।

८. बढदो जोखिमलाई मध्यनजर गरी आवश्यकताका आधारमा थप स्वास्थ्यकर्मीलाई निश्चित अवधीका लागि करारमा लिने नीति अवलम्बन गरिनेछ ।

९. गाउँपालिका स्तरमा कोभिड १९ महामारीको कारणले जोखिम रहेका व्यक्तिहरुको पहिचान गरी राहत वितरणको कार्यक्रमलाई निरंतरता दिईनेछ । राहत वितरण गर्दा सामुदायिक तथा विकासका कार्यहरुहरुमा आधारित राहत दिने नीति अवलम्बन गरिनेछ । राहत तथा काममा आधारित राहत सम्बन्धि कार्यबिधि निर्माण गरी लागु गरिनेछ ।

१०. भविश्यमा आउन सक्ने खाद्य संकटलाई मध्यनजर गरी खाद्यान्न भण्डारणका लागि गाउँपालिका स्तरमा खाद्य गोदाम संचालनमा ल्याईने छ । सो गोदाम मार्फत राहत वितरण, कामका लागि खाद्यन्न कार्यक्रम र कृषि उपजको संकलन तथा बजारीकरण जस्ता कार्यहरुमा योगदान पुग्नेछ ।

११. हाम्रा रैथाने बालीहरुको संरक्षण, कृषि उपज मूल्यमा बिचौलियाको कारणले पार्ने नकारात्मक प्रभावको अत्यका लागि यसै बर्षमा कोदो, मटमास, मास, गहतको सर्मथन मुल्य तोकिने छ ।

१२. यस गाउँपालिकामा उत्पादन हुने कोदो बालिको संरक्षण गर्न यसै बर्षबाट असार १६ गतलाई कोदो दिवसको रुपमा मनाईनेछ । कोदोलाई हेला र अवमुल्यंन गर्ने मानसिकतालाई अन्त्य गरी त्यसको महत्वको बारेमा सचेतना फैलाउन तथा कोदो उत्पादनमा किसानलाई उत्साहित गर्न कोदो सँग चावल साट्ने कार्यक्रम **फलेको कोदो, कुटेको धान कार्यक्रम** संचालन गरिनेछ । संकलित कोदोको प्याकिङ र बजारीकरण गरिने गरिनेछ । जसका लागि प्रयाप्त अनुदानको व्यवस्था गरिनेछ ।

१३. व्यवसायिक रुपमा कृषि गर्ने किसानहरु र कृषक समूहहरुको पहिचान गरी उनीहरुको सुचिकरण गरिनेछ । यसरी सुचिकरण भएका व्यवसायीक कृषकहरु तथा समूहहरुको व्यवसाय प्रवर्द्धनका लागि बिभिन्न अनुदानका कार्यक्रमहरु संचालन गरिने छ ।

१४. सामुहित खेति प्रणाली कार्यक्रमको प्रवर्द्धन गरिनेछ ।

१५. बिभिन्न कृषक समूह र सहकारी मार्फत बिउ पुजि परिचालन गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

१६. बिउ उत्पादनका क्षेत्रहरुको पहिचान गरी गुणस्तरीय बिउ उत्पादन त्यसकाको प्याकेजिङ्ग र बजारीकरण गरिनेछ ।

१७. व्यवसायिक पशुपालनका लागि अनुदान र प्राबिधिक सहायता सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

१८. बिभिन्न महामारी र प्राकृतिक प्रकोपहरुबाट किसानलाई हुने क्षतिलाई मध्यनजर गरी बालि तथा पशु बिमामा जोड दिइने छ ।

१९. रोजगार सूचना केन्द्र मार्फत बेरोजगार नागरीकहरुको सुचिकरण गरी उनीहरुलाई रोजगारी प्रदान गरिने छ । जसका लागि रोजगार संवाद मंचको गठन गरी रोजागारीका बिकल्पहरुको पहिचान गरिने छ ।

२०. श्रममा आधारित राहत कार्यक्रम, कामका लागि खाद्यान्न कार्यक्रम जस्ता कार्यक्रमहरुको कार्यबिधि निर्माण र संचालन गरिनेछ ।

२१. समुदाय परिचालनका लागि व्यापक रुपमा टोल विकास संस्थाहरुको गठन र परिचालनमा जोड दिइने छ ।

२२. सहकारी संस्थाहरुको क्षमता विकास गरी उनीहरुको सेवा प्रवाहलाई प्रभावकारी बनाईनेछ ।

२३. कोभिड १९ कोरोना महामारीको कारण बिद्यालय संचालन गर्न नसकिएको वर्तमान परिवेशमा वैकल्पिक विधिबाट शैक्षिक गतिबिधिहरुलाई संचालनमा ल्याईनेछ । जसका लागि बैकल्पीक शिक्षण पद्धति सम्बन्धी कार्यबिधि निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।

२४. बिद्यालय शिक्षालाई सर्वसुलभ तथा गुणस्तरीय बनाउन गाँउपालिकाको यस बर्ष ब्यवस्थापकिय कार्यहरुमा बिशेष जोड दिने नीति लिएको छ । गाँउपालिकाको शिक्षा योजना, गाँउ शिक्षा समिति, बिद्यालय ब्यवस्थापन समिति तथा शिक्षकको ब्यवस्थापकिय क्षमता विकास यस बर्षको मुख्य प्राथमिकताको हुनेछ ।

२५. शिक्षक बिद्यार्थीको अनुपातका आधारमा शिक्षकको दरबन्दी मिलान गर्ने नीति गरिने छ ।

**सभाध्यक्ष महोदय,**

२६. प्राथमिक स्वास्थ्य केन्द्र चौरपाटीलाई थप स्रोत र साधनयुक्त बनाई १५ सैयाको अस्पतालको रुपमा विकास गरिनेछ ।

२७. स्वास्थ्य सेवाको पहुँचलाई बृद्धि गर्दै प्रजनन तथा स्वास्थ्य सेवालाई सुदृढीकरण गरिनेछ । घुम्ती सेवा मार्फत परिवार योजना सेवा उपलब्ध गराईनेछ ।

२८. किसोर किसोरीका लागि बिद्यालय तथा बिद्यालय बाहिर समेत बृहत यौनिकता शिक्षालाई प्रवर्द्धन गरिनेछ ।

२९. स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्न सम्बन्धित साझेदार संस्थाहरुसँग हातेमालो गरी स्वास्थ्य सेवामा सेवाको पहुँचलाई बृद्धि गर्दै लगिनेछ ।

३०. सबै वडाको स्वास्थ्य संस्थामा नेपाल सरकारको मापदण्ड अनुसारको भवन निर्माण र औषधीहरु उपलब्ध गराईने छ ।

३१. स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयमसेवकले पुऱ्याएको योगदानको कदर गर्दै उनीहरुलाई प्रोत्साहित गरिने नीति लिइएको छ ।

३२ गत बर्ष देखि गाउँपालिकामा संचालित एक घर एक धारा कार्यक्रमलाई निरंतरता दिईनेछ ।

३३. गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता योजना निर्माण गरी त्यसको कार्यान्वयन गरिने छ ।

३४. टोल विकास संस्थाहरु मार्फत समुदायमा सरसफाई सम्बन्धि गतिबिधिहरु संचालन गरि गाँउपालिकालाई पूर्ण सरसफाइ उन्मुख घोषणा गर्न जोड दिईनेछ ।

३५. सामाजिक समावेशीकरण प्रर्वद्धन गर्न एकल महिला, असहाय, अनाथ तथा टुहुरा बालबालिका, आदिवासी तथा जनजाति, अल्पसंख्यक, दलित, युवा, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण र मूलप्रवाहिकरण गर्न आर्थिक तथा क्षमता विकास गरिनेछ ।

३६. गाउँपालिकाका बिभिन्न सवालमा साझेदारी गर्नका लागि विकास साझेदारहरुसँग सहकार्य गरिनेछ ।

३७. लोपोन्मुख अवस्थामा रहेका स्थानीय कला संस्कृति झल्किने खालका पहिरन तथा बाजा गाजाको संरक्षणका लागि एक गाँउ एक संस्कृतिलाई प्राथमिकता दिईनेछ ।

३८. ऐतिहासिक तथा पुरातात्विक महत्वका साँस्कृतिक धरोहरहरुको संरक्षणमा जोड दिईने छ ।

३९. पूर्वाधार निर्माणका कार्यक्रम संचालन गर्दा अत्याश्यक स्थानमा मात्र मेसिनको प्रयोगरी ब्यापक रुपमा विकासमा जनताको सहभागिता र श्रमलाई प्रोत्साहन गर्दै श्रममा आधारित रोजगारी सृजना गरिनेछ ।

४०. पुर्वाधार विकासमा चालु आर्थिक बर्षमा अधुरा रहेका योजना र क्रमागत योजनाहरुलाई प्रथमिकताका साथ अगाडी बढाईने छ ।

४१. चौखुट्टे चौरपाटी सडकको कालोपत्रे गर्ने कार्यको सुरुवात र सबै वडाबाट गाउँपालिकाको केन्द्रमा जोडिने सडकलाई स्तरोन्नती गरिनेछ ।

४२. गाउँपालिका स्तरीय रंगशालाको स्तरोन्नती गरिनेछ ।

४३. कोभिड १९ कोरोनाले सृजना गरेको महामारी र अन्य आकस्मिक रुपमा आई पर्ने प्राकृतिक प्रकोप तथा बिपद व्यवस्थापनका लागि गाँउपालिका स्तरीय बिपद व्यवस्थापन कोषको स्थापना र बिपद जोखिम पुर्वतयारीका लागि योजना निर्माण र त्यसको कार्यान्वयन संयन्त्रको विकास गरिनेछ ।

४४. सडकका किनाराहरु र नांगा डाडाहरुलाई हराभरा पार्ने गरि बृक्षारोपणको कार्यक्रम संचालन तथा वन पैदावार चोरी पैठारी गर्ने कार्यलाई नियन्त्रण गरिनेछ ।

४५. पानीका मुहानहरु दिन प्रति दिन सुक्दै जाने सुख्खा तथा खडेरीले मानवीय जिवनलाई आक्रान्त पारिरहेको तथ्यलाई मध्यनजर गरी प्राबिधिक अध्ययन सहित बिभिन्न ठाँउमा रिचार्ज पोखरीहरु निर्माण गर्न व्यापक जन परिचालन कार्यक्रमलाई निरंतरता दिईनेछ ।

४६. सामुदायिक बनहरुलाई क्रियाशिल बनाउन सामुदायिक बन व्यवस्थापन सम्बन्धि बिशेष कार्यक्रम संञ्चालनमा ल्याईने छ ।

**सभाध्यक्ष महोदय,**

४७. गाउँपालिकाले निर्माण गरेको गुरुयोजनाको कार्यान्वयनका लागि यस बर्ष गाउँपालिकाको प्रथम आवाधिक योजना र मध्यकालिन खर्च संरचना निर्माण गरी लागु गरिनेछ ।

४८. गाउँपालिका लागि स्मार्ट पालिकाको रुपमा विकास गरिनेछ ।

४९. गाउँपालिकाको इन्टरनेट सेवाको क्षमता विकास गरी सबै वडा कार्यालय र स्वास्थ्य चौकीमा ईन्टरनेटको सेवा बिस्तारछ र अनलाईन मार्फत व्यक्तिगत घटनादर्ता कार्य सुचारु गरिनेछ ।

५०. करको दर घटाउने र दायरा बढाउने नीति अवलम्बन गरिने छ ।

५१. गाउँपालिका भित्रका सबै व्यवसायहरुलाई दर्ता तथा सुचिकरण गरि पत्र प्रदान गरिनेछ ।

५२. राजश्व संकलनलाई प्रभावकारी बनाउन राजश्व सम्बन्धी सप्टवेयर संचालनमा ल्याईने छ ।

५३. गाउँपालिको संचार नीति निर्माण गरिने छ ।

**सभाध्यक्ष महोदय,**

अब म गाउँपालिकाले लिएको नीतिलाई संवोधन गर्नका लागि आ.ब. २०७७०७८ को बजेट प्रस्तुत गर्न चाहन्छु ।

## आ.ब. २०७७०७८ को अनुमानित बजेट

| सि न | शीर्षकहरु | अनुदान प्रदान गर्ने निकायस्रोत / | रकम रु (हजारमा) | अक्षरेपी |
|---|---|---|---|---|
| १ | संघबाट सशर्त अनुदान | संघ | १९१०००।- | उन्नाइस करोड दश लाख मात्र । |
| २ | बित्तिय समानीकरण | संघ | ९२२००।- | नौ लाख बाइस हजार मात्र । |
| | | प्रदेश | ७१४५।- | एकहत्तर लाख पैतालिस हजार मात्र । |
| ३ | बिशेष अनुदान | संघ | १४२००।- | एक करोड बयालिस लाख मात्र । |
| | | प्रदेश | ६९००।- | उनान्सत्तरी लाख मात्र । |
| ४ | समपुरक अनुदान | संघ | ६२००।- | बैसठ्ठी लाख मात्र । |
| | | प्रदेश | १६००७।- | एक करोड साठी लाख सात हजार मात्र । |
| ५ | राजश्व बाँडफाड | संघ | ८६३७१।३ | आठ करोड त्रिसठ्ठी लाख तिन सय मात्र । |
| | | प्रदेश | २५३१।- | पच्चीस लाख एकतिस हजार मात्र |
| ६ | आन्तरीक आय | आन्तरिक | १००००।- | एक करोड मात्र । |
| ७ | अघिल्लो आ ब को अल्या | स्थानीय संचित कोष | १००००००००।- | एक करोड मात्र । |
| **कुल जम्मा जम्मा** | | | **४४,२५,५४३०.** | **चवालिस करोड पच्चीस लाख चौवन्न हजार तिन सय मात्र ।-** |

अन्त्यमा, यस गाउँको तयारीमा अहोरात्र खड्ने जनप्रतिनिधीहरु, कर्मचारीहरु लगाएत सम्पुर्णलाई हार्दिक धन्यवाद सहित आफ्नो प्रस्तुती अन्त्य गर्न चाहन्छु ।

………………

माया कुँवर
उपाध्यक्ष

शसर्त योजना

| सि नं | अनुदान प्राप्त क्रियाकलाप | सब प्रोजेक्ट | उपक्षेत्र | विनियोजन रु | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम चौमासिक | प्रथम चौमासिक | प्रथम चौमासिक | जम्मा | |
| १ | कृषक दर्ता व्यवस्थापन कार्यक्रम | 0 | कृषि | ३०० | ० | ० | ३०० | |
| २ | कृषि तथा पशुपन्छी सम्वन्धि तथ्यांक अध्यावधिक कार्यक्रम | 0 | कृषि | १०० | ० | ० | १०० | |
| ३ | बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम (पकेट) संचालन | 0 | कृषि | १५०० | ० | ० | १५०० | |
| ४ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम बाली ) (विकास कार्यक्रम | 0 | कृषि | १००० | ० | ० | १००० | |
| ५ | राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षाममा टेवा पुर्याउने वाली वस्तको साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम (पकेट) संचालन | 0 | कृषि | २४०० | ० | ० | २४०० | |
| ६ | प्रतिष्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत उद्यमीको स्तरोन्नति (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम( | 0 | उद्योग | ६०० | ० | ० | ६०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | प्रतिष्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | 0 | उद्योग | २५६० | ० | ० | २५६० | |
| ८ | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण | 0 | उद्योग | १४० | ० | ० | १४० | |
| ९ | पोषण मैत्री नमुना टोल कार्यक्रम | 0 | वित्तीय क्षेत्र | ५००० | ० | ० | ५००० | |
| १० | शिरोमणी आ भवन .वि.निर्माण आयोजना | 0 | वित्तीय क्षेत्र | ५००० | ० | ० | ५००० | |
| ११ | सोकट वृहत खानेपानी आयोजना | 0 | वित्तीय क्षेत्र | ४२०० | ० | ० | ४२०० | |
| १२ | नीतिगत,प्रशासनिक तथा ब्यबस्थापन खर्च | 0 | जलश्रोत तथा सिंचाई | १०० | ० | ० | १०० | |
| १३ | बायोग्यास जडान | 0 | जलश्रोत तथा सिंचाई | २०० | ० | ० | २०० | |
| १४ | लघु तथा साना जलबिद्युत आयोजना बाट बिद्युत उत्पादन | 0 | जलश्रोत तथा सिंचाई | ४०० | ० | ० | ४०० | |
| १५ | सुधारिएको चुलो प्रबिधि (बायोमास) जडान | 0 | जलश्रोत तथा सिंचाई | २०० | ० | ० | २०० | |
| १६ | सौर्य उर्जा प्रबिधि जडान | 0 | जलश्रोत तथा सिंचाई | ३०० | ० | ० | ३०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक(कर्मचारीहरु समेत/ | 0 | शिक्षा | ६७४०० | ० | ० | ६७४०० | |
| १८ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | 0 | शिक्षा | २३३ | ० | ० | २३३ | |
| १९ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | 0 | शिक्षा | ३२९ | ० | ० | ३२९ | |
| २० | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | 0 | शिक्षा | १४०४ | ० | ० | १४०४ | |
| २१ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | 0 | शिक्षा | ९७६ | ० | ० | ९७६ | |
| २२ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | 0 | शिक्षा | १३८२ | ० | ० | १३८२ | |
| २३ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा | 0 | शिक्षा | ५८९६ | ० | ० | ५८९६ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | | | | | | | |
| २४ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षककर्मचारी/,प्राविधिक धारका प्रशिक्षक समेत( | 0 | शिक्षा | ९७०० | ० | ० | ९७०० | |
| २५ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | 0 | शिक्षा | ३९५१ | ० | ० | ३९५१ | |
| २६ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | 0 | शिक्षा | २७९२ | ० | ० | २७९२ | |
| २७ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | 0 | शिक्षा | १६९०६ | ० | ० | १६९०६ | |
| २८ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | 0 | शिक्षा | २२१ | ० | ० | २२१ | |
| २९ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | 0 | शिक्षा | ३१३ | ० | ० | ३१३ | |
| ३० | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | 0 | शिक्षा | १३३३ | ० | ० | १३३३ | |
| ३१ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | 0 | शिक्षा | ५३९ | ० | ० | ५३९ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३२ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | 0 | शिक्षा | ३८१ | ० | ० | ३८१ | |
| ३३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | 0 | शिक्षा | २३०१ | ० | ० | २३०१ | |
| ३४ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम परम्परागत) विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत( | 0 | शिक्षा | १०६ | ० | ० | १०६ | |
| ३५ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम परम्परागत) विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत( | 0 | शिक्षा | ६४३ | ० | ० | ६४३ | |
| ३६ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम परम्परागत) विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत( | 0 | शिक्षा | १५१ | ० | ० | १५१ | |
| ३७ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | 0 | शिक्षा | १३४५ | ० | ० | १३४५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३८ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | 0 | शिक्षा | ३१५ | ० | ० | ३१५ | |
| ३९ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | 0 | शिक्षा | २२३ | ० | ० | २२३ | |
| ४० | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | 0 | शिक्षा | ४५१ | ० | ० | ४५१ | |
| ४१ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | 0 | शिक्षा | ६३९ | ० | ० | ६३९ | |
| ४२ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | 0 | शिक्षा | २७२६ | ० | ० | २७२६ | |
| ४३ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | 0 | शिक्षा | १४४६ | ० | ० | १४४६ | |
| ४४ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | 0 | शिक्षा | २१७ | ० | ० | २१७ | |
| ४५ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | 0 | शिक्षा | ३८१ | ० | ० | ३८१ | |
| ४६ | आधारभूत तथा आकस्मिक सेवाको लागि औषधि र स्वास्थ्य सुरक्षा सामग्री )PPE बाहेकखरिद तथा ( औषधि लगायतका सामग्रीको ढुवानी तथा रिप्यार्किंग र वितरण समेत | 0 | स्वास्थ्य | १२०० | ० | ० | १२०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४७ | आधारभूत तथा आकस्मिक सेवाको सुनिश्चततका लागि औषधीको आपूर्ति र उपयोग, सम्वन्धि कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन अनुगमन ) मुल्याङ्कन तथाकार्यक्रम कार्यान्वयन भ्रमण खर्च( | 0 | स्वास्थ्य | ६० | ० | ० | ६० | |
| ४८ | आर्थिक स्थिति कमजोर रहेका पुनःउपचारमा रहेका पी .सी.बि. बिरामीहरुलाई उपचार अवधिभर पोषण खर्च तथा सम्पर्क परीक्षण | 0 | स्वास्थ्य | १२ | ० | ० | १२ | |
| ४९ | उच्च जोखिममा रहेका समुदायमा विरामी खोजपड्ताल कार्यक्रम | 0 | स्वास्थ्य | ५० | ० | ० | ५० | |
| ५० | उपचार केन्द्रहरुमा आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी, कार्यक्रमका लागि आवश्यक स्टेशनरी, ट्याली सीट लगायतका फर्म फरमेट फोटोकपी, कार्यक्रमको नियमित अनुगमन तथा मुल्यांकन,स्थलगत अनुशिक्षण, क्षयरोगका बिरामीको चौमासिक कोहर्ट विश्लेषण र ईबि .टि-रज | 0 | स्वास्थ्य | ८८ | ० | ० | ८८ | |
| ५१ | ए आर टि कन्सुलर तलब,ए आर टि संचालन खर्चकार्यालय मसलन्द ) | 0 | स्वास्थ्य | ४०० | ० | ० | ४०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (सामान खर्च, एआरटी कमिटीका लागि चौमासिक बैठक | | | | | | | |
| ५२ | एआरटिमा रहेका व्यक्तिको ल्याव जाच सोधभर्ना ,अस्पतालका लागि | 0 | स्वास्थ्य | १०० | ० | ० | १०० | |
| ५३ | औलो तथा कालाजार माहामारी हुने क्षेत्रको छनौट गरी बिषादि छर्कने रेस्पोन्सीभ) स्प्रेइङ समेत(, किटजन्य रोग नियन्त्रण कार्यक्रमको अनुगमन एवम् मूल्याङ्कन तथा किटजन्य रोग नियन्त्रणका लागि बहुनिकाय अन्तरक्रिया गर्ने | 0 | स्वास्थ्य | ३० | ० | ० | ३० | |
| ५४ | कुष्ठरोगको विरामी, परिवार तथा छिमेकीको सम्पर्क परिक्षण तथा LPEP सेवाको निरन्तरता | 0 | स्वास्थ्य | १० | ० | ० | १० | |
| ५५ | कोभिड १९ लगायत विभिन्न महामारीजन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा निगरानीका लागि सरोकारवाला सँगको अन्तरक्रिया तथा RRT, स्वास्थ्यकर्मी परिचालन | 0 | स्वास्थ्य | २५ | ० | ० | २५ | |
| ५६ | पशुपंक्षी आदीबाट हुने ईन्फुएन्जा, बर्ड फ्लु, AMR, सिष्टिसर्कोसिस, टक्सोप्लाज्मोसिस आदि विभिन्न सरुवारोग सम्बन्धि रोकथाम तथा नियन्त्रणका लागि सचेतना कार्यक्रम | 0 | स्वास्थ्य | २० | ० | ० | २० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५७ | पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक सूचना संकलन, भेरिफिकेशन एवं गुणस्तर सुधार साथै चौमासिक एवं बार्षिक समिक्षा | 0 | स्वास्थ्य | २०० | ० | ० | २०० | |
| ५८ | पालिकास्तरमा खोप र सरसफाई प्रवद्र्धन कार्यक्रमको समिक्षा, सूक्ष्मयोजना अध्यावधिक र पालिका खोप समन्वय समितिको अभिमुखिकरण समेत पालिका स्तरमा २ दिन, वडा खोप समन्वय समितिको स्वास्थ्य संस्था, वडा सतरमा अभिमुखिकरण १ दिन तथा पूर्ण खोप सुनिश्चतताको लागी घरधुरी सर | 0 | स्वास्थ्य | १६८ | ० | ० | १६८ | |
| ५९ | पोषण कार्यक्रम | 0 | स्वास्थ्य | १०९२ | ० | ० | १०९२ | |
| ६० | बाह्य खोप केन्द्र बाट गुणस्तरिय खोप सेवा प्रदान गर्न खोप केन्द्रमा ब्यवस्थापनको लागि फर्निचर ब्यवस्था, सम्बन्धित वडा खोप समन्वय समिति मार्फत तयारी एवं खरिद, ३००० खोप केन्द्रमा प्रति खोप केन्द्र रु १०००० दरले, कम्तिमा टेवल १, कुर्सी १ र सानो बेञ्च १ र हात | 0 | स्वास्थ्य | ४० | ० | ० | ४० | |
| ६१ | बिद्यालय स्वास्थ्य शिक्षा, आमा समूह तथा स्थानीय तहमा स्वास्थ्यका लागि | 0 | स्वास्थ्य | १०० | ० | ० | १०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सामाजिक व्यवहार परिवर्तन प्रवर्ध्दन अभियान | | | | | | | |
| ६२ | मलेरिया, डेंगु, कालाजार, स्क्रब टाइफस आदि किटजन्य रोगको डाटा भेरिफिकेशन | 0 | स्वास्थ्य | १० | ० | ० | १० | |
| ६३ | मातृ तथा नवशिशु कार्यक्रम | 0 | स्वास्थ्य | १७५८ | ० | ० | १७५८ | |
| ६४ | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | 0 | स्वास्थ्य | १९४२ | ० | ० | १९४२ | |
| ६५ | राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम पोशाक प्रोत्साहन), यातायात खर्च, वार्षिक समिक्षा गोष्ठी र दिवस मनाउने खर्च समेत( | 0 | स्वास्थ्य | १३०० | ० | ० | १३०० | |
| ६६ | विधालयमा कुष्ठरोगबारे जनचेतना तथा परिक्षण कार्यक्रम | 0 | स्वास्थ्य | २० | ० | ० | २० | |
| ६७ | विभिन्न सरुवारोग, नसर्ने रोग, जुनोटिक, मानसिक स्वास्थ्य सम्बन्धि अन्तरक्रिया कार्यक्रम तथा दिवसहरु )Hypertension, Diabetes, COPD, Cancer Days, आत्महत्या रोकथाम दिवस, मानसिक स्वास्थ्य दिवस, अल्जाईमर दिवस, रेबिज दिवस, विश्व औलो दिवसमनाउने ( | 0 | स्वास्थ्य | ११५ | ० | ० | ११५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६८ | विरामीको लागि ओ टिकट.डि.पि. छपाई ( कार्वन कपी सहितको) | 0 | स्वास्थ्य | ६० | ० | ० | ६० | |
| ६९ | विश्व कुष्ठरोग दिवस तथा अपांगता दिवसको उपलक्ष्यमा कार्यक्रम | 0 | स्वास्थ्य | २० | ० | ० | २० | |
| ७० | स्थानीय तह भित्रका स्वास्थ्यकर्मीहरु,मका .से.स्वय.स्वा. लागि आधारभूत तथा आकस्मिक सेवा अन्तर्गत आँखा, नाक, कान, घाटी तथा मुख स्वास्थ्य सम्वन्धि प्राथमिक उपचार बारे अभिमुखिकरण तालिम / | 0 | स्वास्थ्य | ८० | ० | ० | ८० | |
| ७१ | स्थानीय तहका स्वास्थ्य चौकी, प्रार अस्पतालहरुमा कार्यरत .के.स्वा. कर्मचारीहरुको तलव, महगी भत्ता, स्थानीय भत्ता, पोषाक लगायत प्रशासनिक खर्च समेत | 0 | स्वास्थ्य | २४८०० | ० | ० | २४८०० | |
| ७२ | समुदायमा आधारित नवजात शिशु तथा बाल रोगको एकीकृत व्यवस्थापन )IMNCI) कार्यक्रम समिक्षा तथा स्वास्थ्य संस्थाहरुमा onsite coaching | 0 | स्वास्थ्य | १०० | ० | ० | १०० | |
| ७३ | स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन, सुद्रिढीकरण तथा समिक्षा स्वास्थ्य) चौकीको न्युनतम सेवा मापदण्ड कार्यक्रमको समिक्षा ( | 0 | स्वास्थ्य | ३०० | ० | ० | ३०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७४ | स्वास्थ्य संस्था नभएका वडाहरूमा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको संचालन खर्च | 0 | स्वास्थ्य | ५०० | ० | ० | ५०० | |
| ७५ | स्वास्थ्य संस्थाका सम्पूर्ण कर्मचारीका लागि संक्रमण रोकथाम तथा स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापन सम्वन्धी Wholesite Orientation | 0 | स्वास्थ्य | ७०० | ० | ० | ७०० | |
| ७६ | १( समाजमा रहेका कुरीति, कुप्रथा, लैङ्गिक हिंसा, मानव वेचविखन तथा ओसारपसार विरुद्ध सचेतनामूलक कार्यक्रम तथा अभियान संचालन 2) महिला विकास कार्यक्रमद्धारा प्रर्वदित महिला सहकारी संस्थाहरुको सुदृढीकरण एवं स्थानीय तहको महिला उद्यमी संजाल स्थापनाको लागि सहजीक | 0 | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १०० | ० | ० | १०० | |
| ७७ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्य क्षेत्र महिला), बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक तथा यौनिक तथा लैंगिक अल्पसंख्यकका ( तथ्यांक संकलन तथा अद्यावधिक गरि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनका लागि | 0 | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १०० | ० | ० | १०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७८ | स्थानीय तहको लैगिक हिंसा निवारण कोषमा रकम | 0 | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १०० | ० | ० | १०० | |
| ७९ | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता (स्थानीय तहस्तरीय) | 0 | युवा तथा खेलकुद | १०० | ० | ० | १०० | |
| ८० | प्राविधिक सहायकको तलव | 0 | सामाजिक सुरक्षा तथा संरक्षण | ३६७ | ० | ० | ३६७ | |
| ८१ | प्राविधिक सहायकको पोसाक | 0 | सामाजिक सुरक्षा तथा संरक्षण | १० | ० | ० | १० | |
| ८२ | प्राविधिक सहायकको स्थानीय भत्ता | 0 | सामाजिक सुरक्षा तथा संरक्षण | ३२ | ० | ० | ३२ | |
| ८३ | रोजगार संयोजकको तलव | 0 | सामाजिक सुरक्षा तथा संरक्षण | ४५१ | ० | ० | ४५१ | |
| ८४ | रोजगार संयोजकको पोसाक | 0 | सामाजिक सुरक्षा तथा संरक्षण | १० | ० | ० | १० | |
| ८५ | रोजगार संयोजकको स्थानीय भत्ता | 0 | सामाजिक सुरक्षा तथा संरक्षण | ३९ | ० | ० | ३९ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८६ | रोजगार सेवा केन्द्रको सँचालन खर्च | 0 | सामाजिक सुरक्षा तथा संरक्षण | ६४ | ० | ० | ६४ | |
| ८७ | रोजगार सेवा केन्द्रको सुदृढीकरण | 0 | सामाजिक सुरक्षा तथा संरक्षण | १५७ | ० | ० | १५७ | |
| ८८ | विपन्न श्रमिकको ज्याला .दैनिक रु) 517 * संख्या 100 * दिन 100) | 0 | सामाजिक सुरक्षा तथा संरक्षण | ५१७० | ० | ० | ५१७० | |
| ८९ | (१( आयोजना सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन दर्ता सिविर (२) सञ्चालन सम्बन्धी अभिमुखिकरणतालिम /कार्यशाला/ गुनासो सुनुवाइ (३) कार्यक्रम सञ्चालन सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन। सहभागीहरु हरेक वडाका : प्रतिनिधी, स्थानीय CSO, स्थानीय निकायका अन्य क | 0 | शान्ति तथा सुव्यवस्था | १९५ | ० | ० | १९५ | |
| ९० | अन्य विविध खर्च-Mobilization of CSOs, Civic Groups, NGOs for increased social accountability | 0 | शान्ति तथा सुव्यवस्था | ४३ | ० | ० | ४३ | |
| ९१ | इन्टरनेट सेवा शुल्क | 0 | शान्ति तथा सुव्यवस्था | १२० | ० | ० | १२० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९२ | एम. आईअपरेटर र फिल्ड .एस . सहायक पारिश्रमिक, चाडपर्व खर्त तथा पोशाक खर्च | 0 | शान्ति तथा सुव्यवस्था | ११०२ | ० | ० | ११०२ | |
| ९३ | एम. आईअपरेटर र फिल्ड .एस . सहायक देनिक भ्रमण भत्ता तथा खर्च यातायत | 0 | शान्ति तथा सुव्यवस्था | १५६ | ० | ० | १५६ | |
| ९४ | एम. आईअपरेटर र फिल्ड .एस . सहायको लागि सञ्चार खर्च | 0 | शान्ति तथा सुव्यवस्था | ७ | ० | ० | ७ | |
| ९५ | घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता सिविर सञ्चालन | 0 | शान्ति तथा सुव्यवस्था | ७५८ | ० | ० | ७५८ | |
| ९६ | दर्ता सिविर सञ्चालानार्थ सेवा प्रदायक छनौटको लागि विज्ञापन सूचना/ प्रकाशन खर्च | 0 | शान्ति तथा सुव्यवस्था | २५ | ० | ० | २५ | |
| ९७ | मेशिनरी आजार तथा फर्निचर मर्मत सम्भार (सेवा केन्द्र सञ्चालानार्थ) | 0 | शान्ति तथा सुव्यवस्था | ४२ | ० | ० | ४२ | |
| ९८ | मसलन्द सामान खरिद सेवा केन्द्र ) (सञ्चालानार्थ | 0 | शान्ति तथा सुव्यवस्था | ९० | ० | ० | ९० | |
| ९९ | व्यक्तिगत घटना दर्ताका दर्ता किताब डिजीटाईजेशनका लागि परामर्श सेवा | 0 | शान्ति तथा सुव्यवस्था | १८८ | ० | ० | १८८ | |
| १०० | व्यक्तीगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सञ्चालानार्थ वडा कार्यालयहरुको लागि डेक्सटप कम्पयुटर, प्रिन्टर, स्क्यानर तथा 4G Wireless Dongol खरिद | 0 | शान्ति तथा सुव्यवस्था | ७३५ | ० | ० | ७३५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०१ | सञ्चार सामाग्री प्रसारण तथा छपाई (सञ्चार र पँहुच अभियान सञ्चालान) | 0 | शान्ति तथा सुव्यवस्था | ८९ | ० | ० | ८९ | |
| १०२ | स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिहरुको लागि अनुगमन तथा मुल्याकन खर्च | 0 | शान्ति तथा सुव्यवस्था | ५० | ० | ० | ५० | |
| १०३ | खानेपानी संरचना निर्माण, सुधार, तथा स्तरोन्नति ग्रामिण जलस्रोत ) व्यवस्थापन परियोजना २०७७(७८/ | 0 | प्रशासकीय सुशासन | ३३४३ | ० | ० | ३३४३ | |
| १०४ | खानेपानी संरचना निर्माण, सुधार, तथा स्तरोन्नति जलस्रोत  ग्रामिण) व्यवस्थापन परियोजना २०७७(७८/ | 0 | प्रशासकीय सुशासन | २८५४ | ० | ० | २८५४ | |
| १०५ | ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गतको जीविकोपार्जन, आयआर्जन तथा सहकारी सम्बन्धि तालिम, गोष्ठी तथा अवोकन भ्रमण आदि समेत | 0 | प्रशासकीय सुशासन | ६०० | ० | ० | ६०० | |
| १०६ | ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना संचालनको लागि गाउँपालिका परियोजना सहयोग ईकाईका (RMSU) कर्मचारीहरुको समिक्षा, बैठक, भ्रमण तथा कार्यालय संचालन खर्च | 0 | प्रशासकीय सुशासन | ५० | ० | ० | ५० | |
| १०७ | चरणवद्ध प्रणाली अन्तर्गतका तालिम तथा गोष्ठीहरु | 0 | प्रशासकीय सुशासन | ५५ | ० | ० | ५५ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०८ | चौखुने, सुर्कुलेआम, सेती , दात्ताडा मुलेसैन झोपु., चौरपाटी गाउँपालिका, अछाम | 0 | प्रशासकीय सुशासन | ३३०० | ० | ० | ३३०० | |
| १०९ | परियोजनाको कार्यक्रम संचालनको लागि सहयोगी संस्था व्यक्ति / परिचालन | 0 | प्रशासकीय सुशासन | ५९८ | ० | ० | ५९८ | |
| ११० | सुधारिएको पानी घट्ट तथा सुधारिएको चुल्हो सहयोग ग्रामिण) जलस्रोत व्यवस्थापन परियोजना २०७७(७८/ | 0 | प्रशासकीय सुशासन | ४६ | ० | ० | ४६ | |
| १११ | सुधारिएको पानी घट्ट तथा सुधारिएको चुल्हो सहयोग ग्रामिण जलस्रोत ) व्यवस्थापन परियोजना २०७७(७८/ | 0 | प्रशासकीय सुशासन | ५४ | ० | ० | ५४ | |

| | | | | |
|---|---|---|---|---|
| २०५२०० | ० | ० | २०५२०० | |

चालु खर्च

| शिर्षक नं. | उपशिर्षक | जम्मा विनियोजन | श्रोत |
|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | ६,०००।०० | वित्तीय समानीकरण |
| २ | सेवासुविधा पदाधिकारी | ५,५००।०० | वित्तीय समानीकरण |
| ३ | पोशाक | ३००।०० | वित्तीय समानीकरण |
| ४ | स्थानीय भत्ता | १,०००।०० | वित्तीय समानीकरण |
| ६ | कर्मचारीको बैठक भत्ता | ५००।०० | वित्तीय समानीकरण |
| ७ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १५०।०० | वित्तीय समानीकरण |
| ८ | अन्य भत्ता | २००।०० | वित्तीय समानीकरण |
| ९ | पदाधिकारी बैठक भत्ता | २,२००।०० | वित्तीय समानीकरण |
| १० | पदाधिकारी अन्य सुविधा | १,०००।०० | वित्तीय समानीकरण |
| १३ | बिमा कोष खर्च | ३००।०० | वित्तीय समानीकरण |
| १४ | कर्मचारी कल्याण कोष | ५०।०० | वित्तीय समानीकरण |
| १५ | पानी तथा विजुली | ५००।०० | वित्तीय समानीकरण |
| १६ | संचार महसुल | १,५००।०० | वित्तीय समानीकरण |
| १७ | ईन्धन पदाधिकारी | १,०००।०० | वित्तीय समानीकरण |
| १८ | ईन्धन कार्यालय प्रायोजन | २,०००।०० | वित्तीय समानीकरण |
| १९ | सवारी साधन मर्मत खर्च | ७००।०० | वित्तीय समानीकरण |
| २० | बिमा तथा नविकरण खर्च (सवारी साधन) | २००।०० | वित्तीय समानीकरण |
| २१ | मेसिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | ३,०००।०० | वित्तीय समानीकरण |

| | | | |
|---|---|---|---|
| २२ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ७००।०० | वित्तीय समानीकरण |
| २३ | मसलन्द तथा कार्यालय सामाग्री | २,०००।०० | वित्तीय समानीकरण |
| २४ | पुस्तक तथा सामाग्री खर्च | १००।०० | वित्तीय समानीकरण |
| २५ | ईन्धन अन्य प्रायोजन (स्काइभेटर, एकबुलेन्स) | ५,०००।०० | वित्तीय समानीकरण |
| २६ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | १,५००।०० | वित्तीय समानीकरण |
| २७ | अन्य कार्यालय संचालन खर्च | ( | वित्तीय समानीकरण |
| २८ | सेवा र परामर्श खर्च | २०,०००।०० | वित्तीय समानीकरण |
| २९ | सूचना प्रणाली र सफ्टवेयर संचालन खर्च (संपती कर , GPS Tracking System , IVR System , E- सीफारीस , दर्ता चलानी, अनुगमन सफ्टवेय | १,३००।०० | वित्तीय समानीकरण |
| ३० | करार सेवा शुल्क | ( | वित्तीय समानीकरण |
| ३१ | अन्य सेवा शुल्क | ३००।०० | वित्तीय समानीकरण |
| ३२ | कर्मचारी तालिम खर्च | ७००।०० | वित्तीय समानीकरण |
| ३३ | सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी खर्च | १,०००।०० | वित्तीय समानीकरण |
| ३५ | विविध कार्यक्रम खर्च | १,५००।०० | वित्तीय समानीकरण |
| ३६ | अनुगमन मुल्यांकन खर्च | २,०००।०० | वित्तीय समानीकरण |
| ३७ | भ्रमण खर्च | २,५००।०० | वित्तीय समानीकरण |
| ३८ | विशिष्ट व्यक्ति र प्रतिनिधि मण्डलको भ्रमण खर्च | ५००।०० | वित्तीय समानीकरण |
| ३९ | अन्य भ्रमण खर्च | ५००।०० | वित्तीय समानीकरण |
| ४० | विविध खर्च | ३,०००।०० | वित्तीय समानीकरण |

५

| | | | |
|---|---|---|---|
| ४१ | सभा संचालन खर्च | ५००।०० | वित्तीय समानीकरण |
| ४२ | उपभोक्ता समिति तथा गैरसरकारी संस्था सहायता | ( | वित्तीय समानीकरण |
| ४३ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | ३००।०० | वित्तीय समानीकरण |
| ४४ | अन्य सहायता | १,०००।०० | वित्तीय समानीकरण |
| ४६ | सामाजिक सुरक्षा | ( | वित्तीय समानीकरण |
| ४७ | छात्रवृति | २००।०० | वित्तीय समानीकरण |
| ४९ | घरभाडा | १,२००।०० | वित्तीय समानीकरण |
| ५० | सवारी साधन तथा मेसिनरी औजार भाडा | १,५००।०० | वित्तीय समानीकरण |
| ५१ | अन्य भाडा | १००।०० | वित्तीय समानीकरण |
| ५२ | वडाको कार्यालय संचालन खर्च | २,१००।०० | वित्तीय समानीकरण |
| ५३ | भैपरी आउने चालु खर्च | ५००।०० | वित्तीय समानीकरण |
| | **जम्मा** | ७६,१००।०० | |

कं

**गाउँपालिका स्तरीय योजनाहरु**

| क्रसं | विवरण | ठेगाना | जम्मा | श्रोत |
|---|---|---|---|---|
| | **स्वास्थ्य** | | **७६००** | |
| १ | आइसोलेशन बेड | | ४०० | वित्तीय स. |
| २ | क्वारेन्टाइन व्यवस्थापन | | १८०० | वित्तीय स. |
| ३ | स्वास्थ्य सामाग्री खरिद | | ९०० | वित्तीय स. |
| ४ | कर्मचारी व्यवस्थापन(कोरोना) | | ५०० | वित्तीय स. |
| ५ | बहुक्षेत्रीय पोषण कार्यक्रम | | १५०० | वित्तीय स. |
| ६ | न्याय हेल्थ बयलपाटा | | २५०० | वित्तीय स. |

| | | | | |
|---|---|---|---|---|
| | **बिपद व्यवस्थापन** | | | **९५००** |
| ५ | राहत वितरण | | २५०० | वित्तीय स. |
| ६ | विपद व्यवस्थापन कोष | | ७००० | राजस्व बा. |
| | **बन तथा वातावरण** | | | ८५० |
| | रिचार्ज पोखरी निर्माण | | ३५० | |
| | सामुदायीक तथा कवुलियत वन व्यवस्थापान | | ५०० | |
| | **पशु तथा कृषि** | | | ७४०० |
| ९ | समर्थन मुल्य अनुदान | | ५०० | |
| १० | कोदो अनुदान | | ५०० | |
| ११ | व्यवसायीक कृषि तथा पशु अनुदान | | ५००० | |
| १२ | सामुहिक खेती प्रर्वद्धन | | १००० | |
| १३ | विउ उत्पादन | | २०० | |
| १४ | कृषि तथा पशुपंक्षी विमा | | १०० | |
| १५ | रोजगार संवाद मंच तथा परिचालन | | १०० | |
| | **शिक्षा** | | | ३४९६ |
| | स्वंयमसेवक शिक्षक | | ३४९६ | |
| | सहकारी | | | ४०० |
| | सहकारी संस्था व्यवस्थान खर्च | | ४०० | |
| १८ | **सुशासन तथा सेवा प्रवाह** | | | १५५० |
| २२ | आवधिक योजना | | ५०० | |
| २३ | मध्यमकालीन खर्ज संरचना | | | |
| २४ | सामाजिक जवाफदेहीता प्रर्वर्द्धन | | २०० | |
| २५ | न्यायिक समिति | | ७०० | |
| १६ | टोल विकास संस्था गठन र परिचालन | | १५० | |
| | **समावेशीकरण शाखा** | | | ३२०० |
| २६ | महिला | | १२०० | |
| २७ | दलित | | १२०० | |
| २८ | वालवालिका | | ३०० | |

| | | | | |
|---|---|---|---|---|
| २९ | अपांग | | ३०० | |
| ३० | जेष्ठ | | ० | |
| ३१ | एच.आइं.भि. | | २०० | |
| | **पुर्वाधार विकास** | | | **२२५४९** |
| ३२ | देवीथुम मन्दिर निर्माण | | ७०० | |
| ३३ | मष्टावण्डाली देवताको मन्दिर | | ६०० | |
| ३४ | विरखम्म चिरकिट्टे मानिगठा सडक | | २४०० | |
| ३५ | पोखरा गैरीगाड सडक निर्माण | | ७०० | |
| ३६ | लुंग्रा वैजनाथ सडक | | ६०० | |
| ३७ | कोलगैरा परमुल्ली सडक | | १४०० | |
| ३८ | डुंग्री सडक | | १५०० | |
| ३९ | चौखुटटे दुनी रवा सडक | | ५०० | |
| ४० | विरखम्म गहिल चौरपाटी | | ५०० | |
| ४१ | गैरीलेक श्रीफाली सडक | | ० | |
| ४४ | मनमोहन स्मृती भवन | | ३००० | |
| ४५ | गाउँपालिका भवन | | ० | |
| ४६ | कृतीखाम ग्रा.स | | २८६ | |
| ४७ | सान्नीकोट मन्दिर निर्माण | | ३६३ | |
| ४८ | विद्युत विस्तार | | १०००० | |
| | | | ५६५४५ | |

कृषि शाखा

| क.स | | कार्यक्रमको नाम | इकाई | परिमाण | रु हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ५० प्रतिशत अनुदानमा गहु, धान मकैको वीज बृध्दि कार्यक्रम | ५० प्रतिशत अनुदानमा गहु, धान मकैको वीज वृद्धि कार्यक्रम | हेक्टर | १० | १०० | १०० |
| २ | बीउ वाली निरिक्षण | बीउ वाली निरिक्षण | पटक | ९ | १०० | १०० |
| ३ | ५० प्रतिशत अनुदानमा गँहु ,धान मकैको उन्नत वीउ वितरण | ५० प्रतिशत अनुदानमा गँहु ,धान मकैको उन्नत वीउ वितरण | पटक | २ | १५० | १५० |
| ४ | प्लाष्टिक टनेल हाउस निर्माण प्रतिशत ५०) ( अनुदानमा | पलाष्टिक टनेल हाउस निर्माण (५० प्रतिशत अनुदानमा ) | संख्या | २० | १४० | १४० |
| ५ | वाली कटानी | वाली कटानी | संख्या | ९० | ४५ | ४५ |
| ६ | हिउदे तथा वर्षे फलफुलको नमुना वगैचा स्थापना, सामग्री सहयोग | हिउदे तथा वर्षे फलफुलको नमुना वगैचा स्थापना, सामग्री सहयोग | संख्या | १० | ४०० | ४०० |
| ७ | हिउदे तथा वर्षे फलफुल विरुवा खरिद तथा वितरण ( प्रतिशत अनुदानमा ५०) हिउदे २० हे वर्षे १० हे | हिउदे तथा वर्षे फलफुल विरुवा खरिद तथा वितरण (५० प्रतिशत अनुदानमा ) हिउदे २० हे वर्षे १० हे | हेकटर | ३० | ३०० | ३०० |
| ८ | आकस्मिक बाली संरक्षण सेवा | आकस्मिक बाली संरक्षण सेवा | पटक | ३ | ९० | ९० |
| ९ | राष्ट्रिय धान दिवस (१५ असार)र स्थानीय रैथाने बाली (१६ असार) दिवस (कोदो) | राष्ट्रिय धान दिवस (असार १५) र स्थानीय रैथाने बाली (कोदो) दिवस (असार १६) | पटक | १ | ५० | ५० |
| १० | अनुगमन तथा भ्रमण खर्च | अनुगमन तथा भ्रमण खर्च | लमसम | १ | १०० | १०० |
| | | | | | | |
| ११ | व्यवसायिक कृषकलाई स्थलगत कोचिंग तालिम | व्यवसायिक कृषकलाई स्थलगत कोचिंग तालिम | पटक | २ | ५० | ५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | कन्ये च्याउ वीउ वितरण तथा सहयोग ( प्रतिशतअनुदानमा ५०) | कन्ये च्याउ वीउ वितरण तथा सहयोग (५० प्रतिशतअनुदानमा ) | पटक | २ | ५० | ५० |
| १३ | बाली बिमा सम्वन्धी अन्तरक्रिया गोष्टी | बाली बिमा सम्वन्धी अन्तरक्रिया गोष्टी | पटक | १ | १०० | १०० |
| १४ | समुह तथा सहकारीलाई कृषि यान्त्रिकरणमा सहयोग ५०)प्रतिशत अनुदानमा( | समुह तथा सहकारीलाई कृषि यान्त्रिकरणमा सहयोग (५० प्रतिशत अनुदानमा) | पटक | १ | ५०० | ५०० |
| १५ | पोष्ट हार्भेष्ट सामग्री सहयोग कार्यक्रम ८५) (प्रतिशत अनुदान | पोष्ट हार्भेष्ट सामग्री सहयोग कार्यक्रम (८५ प्रतिशत अनुदान) | पटक | १ | १०० | १०० |
| १६ | कर्मचारीको मासिक बैठक खर्च | कर्मचारीको मासिक बैठक खर्च | पटक | १२ | ५० | ५० |
| | | **जम्मा** | | | २२२५ | |

## पशु शाखा

| क.स | कार्यक्रमको नाम | इकाई | परिमाण | रु हजारमा | कैफियत |
|---|---|---|---|---|---|
| १.१ | पशु स्वास्थ्य उपचारका लागि औषधी खरिद | पटक | ३ | ६०० | |
| १.२ | पशु स्वास्थ्य उपचारका लागि उपकरण खरिद | पटक | १ | १०० | |
| ३.३ | स्टाफ मिटिडग बैठक भता | पटक | १२ | ४० | |
| ३.५ | गाउँपालिका स्तरिय पशुपालन सम्वन्धी अभिमुखिकरण | पटक | १ | १०० | |
| ४.१ | इपिडिमियोलोजी रिर्पोटिङ्ग | पटक | ३ | ८० | |
| | **जम्मा** | | | ९२० | |

## स्वास्थ्य शाखा

| क.सं. | योजनाको नाम वा शिर्षक | ठेगाना | कुल लागत ( प्रति हजार) | चालु वा पुजिगत |
|---|---|---|---|---|
| १ | स्वास्थ्य संस्थालाई कम्प्युटर तथा अन्य सामाग्री खरीद तथा ईन्टनेट जडान | सबै स्वास्थ्य संस्थाहरुमा | १०० | पुजीगत |
| २ | स्वास्थ्य चौकी मा सोलार मर्मत तथा जडान तथा बिधुत जडान तथा वाईरिंग | गाउँपालिका स्तरीय | १०० | पुजीगत |
| ३ | म.स्वा.स्व.से. भिटामिन ए खुवाए बाफत | गाउँपालिका स्तरीय | १५० | पुजीगत |
| ४ | औषधी , भ्याक्सिीन तथा अन्य सामाग्री ढुवानी | गाउँपालिका स्तरीय | ३०० | पुजीगत |
| ५ | बिभिन्न स्वास्थ्य संस्थाका फनिर्चर खरिद तथा मर्मत | गाउँपालिका स्तरीय | २०० | पुजीगत |
| ६ | आधारभुत स्वास्थ्य केन्द्र गगुडाको ब्यबस्थापन तथा प्रसुति गृह स्थापना | वडा नं. ३ | १०० | पुजीगत |
| ७ | निशुल्क औषधी तथा ल्याब सामाग्री खरीद | गाउँपालिका स्तरीय | २८०० | चालु |
| ८ | स्वास्थ्य कर्मीलाई बिभिन्न तालिम | गाउँपालिका स्तरीय | ४०० | चालु |
| ९ | अनुगमन भ्रमण खर्च | गाउँपालिका स्तरीय | २०० | चालु |
| १० | स्वास्थ्य संस्थालाई मसलन्द तथा कार्यालय संचालन खर्च अनुदान | गाउँपालिका स्तरीय | ३५० | चालु |

| | | | | |
|---|---|---|---|---|
| ११ | म.स्वा.स्व.से. मासिक बैठक तथा प्रोत्साहन खर्च | सबै वडाहरुमा | ६०० | चालु |
| १२ | स्वास्थ्य आमा समुहको पुर्नगठन | सबै वडाहरुमा | १०० | चालु |
| १३ | कोचिङ्ग मेन्टरिङ्ग | सबै बर्थिग सेन्टरहरुमा | ४०० | चालु |
| १४ | संस्था प्रममुखको मासिक बैठक तथा अर्ध बार्षिक, बार्षिक समिक्षा | गाउँपालिका स्तरीय | ४०० | चालु |
| १५ | नर्सिग कर्मचारी लाई नाईट तथा जोखिम भत्ता | सबै बर्थिग सेन्टरहरुमा | ३५० | चालु |
| १६ | स्टेश्नरी तथा एच एम आई एस फर्म छपाई | गाउँपालिका स्तरीय | २५० | चालु |
| १७ | म.स्वा.स्व.से. को आधारभुत तथा पुर्नताजगी तालिम | सबै वडाहरुमा | ४०० | चालु |
| १८ | उत्कृष्ट स्वास्थ्य तथा कर्मचारी पुरस्कृत | गाउँपालिका स्तरीय | ५० | चालु |
| १९ | प्राथमिक स्वास्थ्य केन्द्रमा आकस्मीक सेवा संचालन तथा व्यवस्थापन | गाउँपालिका स्तरीय | ३०० | चालु |
| | **जम्मा रु** | | **७५५०** | |

**पञ्जीकरण**

| क्र.स. | क्रियाकलाप | ईकाई | परिमाण | रु हजारमा |
|---|---|---|---|---|
| १ | ब्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा ब्यवस्थापन सुचना प्रणाली सञ्चालानार्थ वडा कार्यालयहरुको लागि डेक्सटप कम्प्यूटर, प्रिन्टर, स्क्यानर तथा इन्टरनेट खरिद ( साझेदारी) | संख्या | ७ | ० |
| २ | ब्यक्तिगत घटना दर्ता सम्बन्धि कर्मचारी लागि तालिम | पटक | १ | २५० |
| ३ | एम.आई.एस.अपरेटर र फिल्ड सहायक स्थानीय भत्ता | पटक | १२ | १७७ |
| | डेक्सटप कम्प्युटर कार्यालय प्रयोजन | पटक | | ० |
| | जम्मा | | | ४२७ |

**चौरपाटी गाउपालिका, अछाम**

**आ.व.२०७७र७८को गाउपालिका समानीकरण अनूदानबाट संचालनका लागि प्रस्तावित कार्यक्रम (शिक्षा)**

| क्रसं | कार्यक्रम शीर्षक | कहिले गर्ने | परिमाण | दर | बजेट अनुमान |
|---|---|---|---|---|---|
| | स्वयंसेवक शिक्षक तलब : ३९,३३,००० | | | | |
| १ | क) माध्यमिक तह (९(१०) : ३ जना × ९ महिना | चौमासिक | २७ | १५००० | ० |
| | ख) आधारभुत तह (६(८) : ११ जना × ९ महिना | चौमासिक | ९९ | १२००० | ० |
| | ग) आधारभुत तह (१(५) : २६ जना × ९ महिना | चौमासिक | २३४ | १०००० | ० |
| २ | विद्यार्थी भर्ना, शूभकामना आदानप्रदान, शैक्षिक सूधार अन्तर्क्रिया | बैशाख | १ | | ५० |
| ३ | वैकल्पिक शिक्षण सिकाई व्यवस्थापन | साउन | | | १५० |
| ४ | उत्कृष्ट विद्यालय, शिक्षक, विद्यार्थी सम्मान तथा पूरस्कार ( कक्षा १(३, कक्षा १(५, कक्षा १(८, कक्षा १(१०) | जेठ | १ | | ० |
| ५ | बैठक संचालन (शिक्षा समिति, प्रअ, सरोकारवाला, बाल विकास सका, विद्यालय कर्मचारी, सामूदायिक सिकाई केन्द्र) | निरन्तर | | | ३५० |
| ६ | सीप निर्माण, सिकाई अनूकुल वातावरण निर्माण, अनिवार्य आधारभुत शिक्षा, विद्यालय करेसाबारी निर्माण अनुशिक्षण | भदौ | १ | | १०० |
| ७ | स्थानीय पाठ्यक्रम निर्माण | असोज | १ | | ३०० |
| ८ | स्थानीय शिक्षा नीति निर्माण | असोज | १ | | २०० |
| ९ | विषयगत शिक्षक तालिम | मंसिर | १ | | ३०० |
| १० | गाउंपालिका स्तरीय अतिरिक्त क्रियाकलाप संचालन | निरन्तर | | | १०० |
| ११ | एकीकृत परीक्षा प्रणाली प्रश्नपत्र छपाई तथा परीक्षा अनूगमन | फागुन चैत्र | १ | | २५० |
| १२ | शैक्षिक सत्र २०७८ का लागि क्यालेण्डर निर्माण | फागून चैत्र | १ | | १५० |
| १३ | सामूदायिक बाल विकास केन्द्र स· का· तलब तथा व्यवस्थापन | चैत्र | १ | | ४०० |
| १४ | विद्यालय प्रविधि पहूच, पूस्तकालय सामग्री तथा फर्निचर | चैत्र | १ | | ० |
| १५ | शिक्षण सहयोगी तथा खेलकूद सामग्री वितरण (विद्यालयमा) | बैशाख | १ | | |
| १६ | असहाय विद्यार्थी छात्रवृति (कापी, कलम, झोला, छात्रवृति) | बैशाख | १ | | ५० |
| १७ | लियन शिक्षक तलब भत्ता | चौमासिक | | | ३६७ |
| २० | शैक्षिक उपलब्धि समिक्षा र कार्ययोजना ( त्रैमासिक,अर्धबार्षिक,बार्षिक) | त्रैमासिक | | | १५० |
| २१ | अन्तर विद्यालय अवलोकन भ्रमण | | | | ० |
| २२ | विद्यालय अनूगमन तथा दैनिक भ्रमण भत्ता | निरन्तर | | | १०० |
| २३ | बार्षिक प्रोफाइल निर्माण | असार | १ | | १० |
| २४ | दिवा खाजा ढुवानी | | | | २५० |
| २५ | विविध (मसलन्द, संचार, थप सुविधा, विज्ञापन, सुचना,–) | | | | १५० |

| जम्मा | ३४२७ |
|---|---|

## खानेपानी शाखा

| क्र.स. | कार्यक्रमको नाम | आयोजनाको किसिम | रु ह्जारमा |
|---|---|---|---|
| **क** | **खानेपानी तथा सरसफाई तर्फ** | | |
| १ | ऐरिमुल र कालिगडी खा.पा.यो.मार्कु र पायल | क्रमागत | ५००० |
| २ | बुडाखोला सालिमारा खा.पा यो सोकट ३ गगुडा | क्रमागत | ७५० |
| ३ | थुवा खा.पा.यो कर्मागत सिउँडी | क्रमागत | १२०० |
| ४ | बुढाखोला रातिमाटा खा.पा.यो पायल कर्मागत | क्रमागत | ७०० |
| ५ | बड्डीमाडु खा.पा.यो सोकट कर्मागत | क्रमागत | २५० |
| ६ | बडेदा खा.पा.यो पायल कर्मागत | क्रमागत | १००० |
| ७ | मटेना खा.पा.यु. सिउँडी कर्मागत | क्रमागत | ४०० |
| ८ | खानेपानी मर्मत सम्भार कार्यकर्ता लाई पुनं.ताजगी तालिम | | ० |
| | **खानेपानी तथा सरसफाई अन्तर्गत पोषण कार्यक्रम** | | ९३०० |

सुचना प्रबिधि

| क्र.सं. | योजना | रकम |
|---|---|---|
| १ | गाँउपालिका तथा वडाहरुमा इन्टरनेट विस्तार तथा जडान | २५०० |
| | **जम्मा** | **२५००** |

खेलकुद **श्रोत**

| **क्रस** | **बिवरण** | **रकम रु ( हजारमा)** | |
|---|---|---|---|
| २ | गाउपालिका स्तरीय भलिबल प्रतियोगिता | २०० | |
| ३ | राष्टपति रनिग सिल्ड | ५०० | |
| ४ | खुला क्रिकेट प्रतियोगिता | ० | |
| ५ | आधारभुत बिद्यालय स्तरीय खेलकुद प्रतियोगिता | ० | |
| ६ | गाउपालिका स्तरीय खेलकुद सामाग्री खरिद | ३०० | |
| ७ | बिभिन्न स्थानमा गाउपालिकाको टिम सहभागिता | ५०० | |

| | | | |
|---|---|---|---|
| | **जम्मा** | **१५००** | |

आर्थिक बर्ष २०७७/०७८ मा चौरपाटी गाउँपालिकाका सबै वडा बाट विनियोजित बजेटको योजनाहरु

वडा नं. १

| क्र.स. | योजनाको नाम | रकम | **श्रोत** |
|---|---|---|---|
| १ | रन्याखाली सेरनाउला सडक | ३००००० | वित्तीय स. |
| २ | रोलकापरे चोचेखोला खानेपानी निर्माण योजना | ५२४००० | वित्तीय स. |
| ३ | गेरुखाल सिचाई पोखरी निर्माण योजना | ५००००० | वित्तीय स. |
| ४ | शिवजी मन्दिर निर्माण पातल | ५००००० | वित्तीय स. |
| ५ | सेरनाउला पैयासल्ला गोरेटो बाटो | ३००००० | वित्तीय स. |
| ६ | किमरुख आफर निर्माण योजना | ६०००० | वित्तीय स. |
| | जम्मा | २१८४००० | |

वडा नं. २

| क्र.स. | योजनाको नाम | रकम | वित्तीय स. |
|---|---|---|---|
| १ | दशपल्ले मा.वि. घेरापर्खाल | ५००००० | वित्तीय स. |
| २ | छडिखोला गुडेआम खानेपानी निर्माण | ३००००० | वित्तीय स. |
| ३ | बौसेखोला खानेपानी मर्मत | १००००० | वित्तीय स. |
| ४ | चौखुमी बालविकास भवन निर्माण | २००००० | वित्तीय स. |
| ५ | ढोग्याआम फल्दा पानी नातडा खानेपानी निर्माण | ४००००० | वित्तीय स. |
| ६ | भुलगाउँ खानेपानी निर्माण | १००००० | वित्तीय स. |
| ७ | गुरिना आफर निर्माण | १००००० | वित्तीय स. |
| ८ | अमट्टेवाडा आफर निर्माण | १००००० | वित्तीय स. |
| ९ | भटकिरा नाउला खानेपानी मर्मत | १००००० | वित्तीय स. |

| | | | |
|---|---|---|---|
| १० | सामुदायिक दलित भवन निर्माण | २७०००० | वित्तीय स. |
| | जम्मा | २१७०००० | |

वडा नं. ३

| क्र.स. | योजनाको नाम | रकम | |
|---|---|---|---|
| १ | कालीका मन्दिर निर्माण गगुडा | ६००००० | वित्तीय स. |
| २ | वेताल रातिगडा सिचाई कुलो निर्माण | ६११००० | वित्तीय स. |
| ३ | गगुडा आ.वि. फिल्ड कटिङ | २००००० | वित्तीय स. |
| | जम्मा | १४११००० | |

वडा नं. ४

| क्र.स. | योजनाको नाम | रकम | |
|---|---|---|---|
| १ | नर्थापे पर्यटकिय धार्मिक स्थल मन्दिर निर्माण | ४००००० | वित्तीय स. |
| २ | कुखुरा पालन ब्यवसाय अनुदान | १००००० | वित्तीय स. |
| ३ | मौसमी तथा बेमौसमी जातको विउ खरिद | ५०००० | वित्तीय स. |
| ४ | तल्लो कप्तोली सिचाई पोखरी निर्माण | २००००० | वित्तीय स. |
| ५ | आवश्यक स्वास्थ्य सामाग्री खरिद | १००००० | वित्तीय स. |
| ६ | कला सँस्कृतिक मेला ब्यवस्थापन तथा डिस खरिद | १५०००० | वित्तीय स. |
| ७ | वडा कार्यालयको घेरा पर्खाल निर्माण | ३००००० | वित्तीय स. |
| ८ | ल्वाहवाडा पटकानी निर्माण | २००००० | वित्तीय स. |
| ९ | तल्ला ठाडिकाट्टे कालिका मन्दिर निर्माण | ३००००० | वित्तीय स. |
| १० | काठेखेत पटकानी मर्मत | १५०००० | वित्तीय स. |
| ११ | कोरोना रोग नियन्त्रण | ४००००० | वित्तीय स. |
| १२ | विविध खर्च | ६०००० | वित्तीय स. |
| | जम्मा | २४१०००० | वित्तीय स. |

वडा नं. ५

| क्र.स. | योजनाको नाम | रकम | |
|---|---|---|---|
| १ | दया पिपलतोला मा.वि. घेरा पर्खाल | २००००० | वित्तीय स. |
| २ | लक्ष्मी नि.मा.वि.फर्निचर निर्माण | २००००० | वित्तीय स. |
| ३ | विभिन्न ठाउका लागि पाईप खरिद | ४००००० | वित्तीय स. |
| ४ | वडा कार्यालय भवन मर्मत | ८९०००० | वित्तीय स. |
| | जम्मा | १६९०००० | |

वडा नं. ०६

| क्र.स. | योजनाको नाम | रकम | |
|---|---|---|---|
| १ | श्री देविमाण्डौ मा.वि. साईन्स बल्क वाल निर्माण | ६००००० | वित्तीय स. |
| २ | पंञ्चकोटी प्रावि. | १००००० | वित्तीय स. |
| ३ | मष्टामाण्डौ प्रावि. | १००००० | वित्तीय स. |
| ४ | सेल्पाखा खाली खोला सिचाई | १००००० | वित्तीय स. |
| ५ | मल्लो दुनी भुवनी मन्दिर निर्माण | १५०००० | वित्तीय स. |
| ६ | विविध खर्च | ५०००० | वित्तीय स. |
| | जम्मा | ११००००० | |

वडा नं. ०७

| क्र.स. | योजनाको नाम | रकम | |
|---|---|---|---|
| १ | सयपडा सिचाई पोखरी | ३००००० | वित्तीय स. |
| २ | माछखोला सिचाई पोखरी | ३००००० | वित्तीय स. |
| ३ | मालिका स्थान सामुदायीक भवन | ३५०००० | वित्तीय स. |
| ४ | जय मष्टो मन्दिर घेरा पर्खाल | १५०००० | वित्तीय स. |
| ५ | खेलकुद व्यवस्थापन | २६००० | वित्तीय स. |
| | जम्मा | ११२६००० | |

प्रधानमन्त्री रोजगार कार्यक्रममा आगामी आ.ब. मा समाबेश गरिने योजनाहरु

| क्षेत्र | वडा नं. | आयोजनाको नाम | अनुमानित लागत |
|---|---|---|---|
| क) सडक निर्माण तथा मर्मत सम्भार | १ | डोटेगडा देखि खानडाडा सम्म सडक निर्माण | |
| | २ | चौपाया नारी दाङ्ग सडक | |
| | ३ | चिरकिट्टे सुकिना सम्म सडक नाली बनाउने | |
| | ४ | भाडबजार देखि दर्नी सडक मर्मत | |
| | ५ | लुंग्रा देखि गहिल सम्मको सडक | |
| | ६ | चौखुट्टे देखि दुनी सम्म सडक मर्मत | |
| | ७ | बिरखम्म चिरकिट्टे सडक | |
| ख) कृषि तथा सिचाई | १ | श्रीफाली  सिचाई पोखरी | |
| | २ | सेरा सिचाई कुलो | |
| | ३ | सिमखेत सिचाई पोखरी | |
| | ४ | कुकुडे देउ खानेपानी पोखरी निर्माण | |
| | ५ | डासेखेत सिचाई कुलो धुन्याखोला | |
| | ६ | घट्टेखोला देखि काटखेत सिंचाई कुलो | |
| | ७ | ऐरी सिचाई पोखरी  डाडा गाउँ | |
| ग) ग्रामिण खानेपानी | १ | बिन्द्राबन श्रीफाली खानेपानी | |
| | २ | खडेउला खानेपानी निर्माण | |
| | ३ | चमडा खानेपानी गाउँ गगुडा | |
| | ४ | दोगडा सिचाई पाईप लाईन बिस्तार | |
| | ५ | दयापिपलतोला मा.वि. खानेपानी | |
| | ६ | चल्लीमारे खानेपानी मर्मत | |
| | ७ | ऐरी खानेपानी मर्मत | |
| घ) स्वास्थ्य तथा सरसफाइ | १ | किमरुख गाउँघर क्लीनिक शौचालय | |
| | २ | स्वास्थ्य चौकी सोकट घेरापर्खाल | |
| | ३ | चौरपाटी ३ सम्पुर्ण टोलमा जुठ्यान | |
| | ४ | भाडबजार शार्वजनिक शौचालय निर्माण | |
| | ५ | ठुलाढुंगा प्रा.वि. को शौचालय निर्माण | |
| | ६ | फोहर व्यवस्थापन | |
| | ७ | प्रसुति गृह निर्माण | |
| ङ) शिक्षा | १ | जनता प्रा.वि. घेरापर्खाल | |
| | २ | दशपल्ले मा.वि. घेरापर्खाल | |
| | ३ | गगुडा नि.मा.वि. घेरापर्खाल | |
| | ४ | बैजनाथ मा.वि. घेरापर्खाल मर्मत | |
| | ५ | लक्ष्मी निमावि र दयापिपलतोला मा.वि. घेरापर्खाल | |
| | ६ | खेलमैदान चौखुट्टे | |
| | ७ | चिन्नामान्ना खेलमैदान | |
| च) बन तथा लजाधार | १ | जाडेपानी थुवा टोल पहिरो नियन्त्रण | |
| | २ | छडिखोला मानीगडा बृक्षारोपण | |
| | ३ | सामुदायिक बनमा बृक्षारोपाण तथा बन जंगल संरक्षण | |

| | | | |
|---|---|---|---|
| | ४ | फलफुल बिरुवा रोपण कार्यक्रम | |
| | ५ | करालेबगर नदि नियन्त्रण | |
| | ६ | बृक्षारोपण | |
| | ७ | सामुदायिक बन घेरवार तथा गोडमेल | |
| छ) पर्यटन | १ | भिउटाव जाने पदमार्ग | |
| | २ | रानागाउँ गोरेटो बाटो निर्माण | |
| | ३ | ढुंग्री देखि चिरकिट्टे सम्म गोरेटो बाटो | |
| | ४ | नरथापे पैदलमार्ग निर्माण | |
| | ५ | थुवा देखि देविथुम सम्म बाटो निर्माण | |
| | ६ | खप्तड पर्यटकिय पदमार्ग निर्माण | |
| | ७ | शान्नीकोट पर्यटन पैदल मार्ग | |